# एचपीभीः किशोरीहरूले के जान्नुपर्छ?

Human Papilloma Virus (HPV) संसारभरि सबैभन्दा सामान्य यौनजन्य रोग हो। यसको अर्थ, यो एक व्यक्तिबाट अर्को व्यक्तिमा यौन सम्पर्क मार्फत सर्ने गर्दछ। एचपीभीका १०० भन्दा बढी प्रकार छन्, तर तीमध्ये केवल केही प्रकारले गम्भीर रोगहरू निम्त्याउँछन् । केही प्रकारले पुरुष र महिलाको यौनांग क्षेत्रलाई असर गर्न सक्छ । एचपीभी संक्रमण र यसको कारण पाठेघरको मुखको क्यान्सर हुने जोखिम कम गर्न खोप उपलब्ध छ। यो खोप नेपालका किशोरीहरूलाई उपलब्ध छ ।



## यो कसरी सर्छ?

- एचपीभी संक्रमण यौन सम्पर्क मार्फत दुई व्यक्तिबीच सर्न सक्छ ।
- एचपीभी अत्यन्त सामान्य र अत्यन्त छिटो सर्ने भाइरस हो । किशोर-किशोरीहरू यौन क्रियाकलापमा संलग्न हुँदा यसको संक्रमण हुने दर उच्च हुन्छ ।

## एचपीभीले मानिसलाई बिरामी बनाउँछ?

- अधिकांश व्यक्तिलाई एचपीभी भएको थाहा हुँदैन, किनभने सामान्यतया कुनै लक्षणहरू देखिदैनन्।
- केही व्यक्तिमा genital warts हरू देखा पर्न सक्छन् । महिलाहरूमा यो कोठी योनिमा र पाठेघरको मुखमा देखिन सक्छ ।
- एचपीभीका केही प्रकारहरूले महिलाहरूमा पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउन सक्छ । यो महिलाहरूमा vulva क्यान्सर र पुरुषहरूमा penile (penis) क्यान्सर पनि निम्त्याउन सक्छ । साथै पुरुष र महिलामा oral र anal क्यान्सर हुन सक्छ ।
- एचपीभी संक्रमित अधिकांश व्यक्तिमा क्यान्सर विकसित हुँदैन। क्यान्सर भएमा पनि यो भाइरस शरीरमा धेरै वर्षपछि बिस्तारै विकास हुन्छ ।

## के एचपीभी खोप छ?

- एक सुरक्षित र प्रभावकारी खोप छ जसले एचपीभीका ती प्रकारहरूबाट बचाउन सक्छ, जसले प्रायः क्यान्सर निम्त्याउँछ ।
- नेपालमा कक्षा ६ देखि १० सम्मका किशोरीहरूलाई विद्यालयमा खोप दिइनेछ । विद्यालयबाहिर १० देखि १४ वर्षका किशोरीहरूले स्वास्थ्य सेवा प्रदायकहरू मार्फत खोप पाउनेछन् ।
- यो खोप एकपटक मात्र (एक मात्रा) दिइन्छ ।



## मैले यौन सम्पर्क सुरु नगर्दै खोप लगाउनुपर्छ?

- खोपले सबैभन्दा राम्रो काम गर्नका लागि यौन सम्पर्क सुरु गर्नु अघि खोप लगाउनुपर्छ ।

## के एचपीभी खोपले सबै यौनजन्य रोगहरू (STIs) बाट बचाउँछ?

- होइन । एचपीभी खोपले अन्य यौनजन्य रोगहरूबाट बचाउँदैन। यो खोपले सबै प्रकारका एचपीभीबाट पनि बचाउँदैन ।

## एचपीभी खोप कतिको सुरक्षित छ?

- यो खोप अत्यन्त सुरक्षित छ। यो खोप करोडौं किशोरी, केटा र युवाहरूलाई सुरक्षित रूपमा दिइसकिएको छ। खोपबाट एचपीभी लाग्दैन।
- कुनै पनि खोपको जस्तै, यो खोप लगाएको ठाउँमा केही रातोपन, सुन्निने वा हल्का दुखाइ हुन सक्छ।

## के खोप नलगाउनुपर्ने कुनै कारण छ?

- यदि तपाईं गर्भवती हुनुहुन्छ वा गर्भवती भएको शंका छ भने खोप लगाउन हुँदैन।
- सामान्य रुघाखोकी वा हल्का ज्वरो भएमा खोप लगाउन ढिलाइ गर्नु पर्दैन।

## एचपीभी र एचपीभी खोपको बारेमा थप जानकारी कहाँ पाउन सकिन्छ?

- तपाईंले HPV खोपको बारेमा नर्स, डाक्टर वा स्वास्थ्यकर्मीसँग कुरा गर्न सक्नुहुन्छ। विश्वसनीय वेबसाइटहरूबाट थप जानकारी पनि लिन सक्नुहुन्छ।

### एचपीभी, एचपीभी खोप र पाठेघरको मुखको क्यान्सरको बारेमा थप जानकारी प्राप्त गर्नुहोस् :

https://fwd.gov.np/cms/hpv-guidelines/

https://fwd.gov.np/cms/cervical_cancer_screening_hpv_dna_sop_2080/

https://fwd.gov.np/cms/hpv-demonstration-guideline/

**थप जानकारीको लागि टोल फ्री नम्बर ११९५ वा नजिकैको कुनै पनि स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।**

HENRY FORD HEALTH
Global Health Initiative

G.T.A. FOUNDATION
GTA
जि.टी.ए. फाउण्डेसन